# आर्थिक वर्ष २०७८/०७९

# को

# बजेट वक्तव्य

चौरजहारी नगरपालिका

## चौरजहारी नगरपालिका

## रुकुम (पश्चिम)

## कर्णाली प्रदेश

## २०७८

नगर सभाको बैठकमा मिति २०७८ साल असार १० गते बिहीबार

नगर उपप्रमुख श्री राधा रोकाज्यूले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७८।०७९

# को

# बजेट वक्तव्य

चौरजहारी नगरपालिका

रुकुम (पश्चिम)

कर्णाली प्रदेश

२०७८

चौरजहारी नगरपालिका

# अध्यक्ष महोदय,

१. नेपाली जनताको त्याग, वलिदान र लामो संघर्षको परिणाम स्वरुप जारी भएको नेपालको संविधान, २०७२ ले दिएको अधिकार प्रयोग गरी चौरजहारी नगर सरकारको तर्फबाट स्थानीय तहको निर्वाचन पश्चात् हाम्रो कार्यकालको अन्तिम तथा पाँचौ बजेट प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति भएको छ ।

२. समाजवाद उन्मुख राज्य व्यवस्था प्राप्तीको आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान् शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । राज्य व्यवस्था परिवर्तनका युद्ध र आन्दोलनमा आफ्नो शरिरका अंगहरु गुमाउनु हुने घाइते तथा अपांग योद्धाहरुको उच्च सम्मान गर्न चाहन्छु । वेपत्ता योद्धाहरुको स्मरण गर्दै सम्पूर्ण शहीद परिवारप्रति उच्च सम्मान प्रकट गर्दछु । राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मानसहित आदरभाव प्रकट गर्दै यसको लागि नेपाली जनताले पटक–पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, महान् तथा गौरवशाली जनयुद्ध, मधेश आन्दोलन एवम् विभिन्न कालखण्डमा भएका संघर्ष र आन्दोलनको स्मरण गर्न चाहन्छु ।

३. कोभिड -१९ को विश्वव्यापी महामारीको कारणबाट मृत्युवरण गरेका मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकाकूल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु । जोखिमपूर्ण परिस्थितिमा अग्रपङ्क्तिमा रहेर सेवा गर्ने एवम् महामारी रोकथाम, नियन्त्रण र उपचारको कार्यमा योगदान पुऱ्याउनु हुने सम्पूर्ण स्वास्थ्यकर्मी, जनप्रतिनिधि, सुरक्षाकर्मी, स्वयंसेवक, कर्मचारी, सवारी चालक लगायतका सम्पूर्ण राष्ट्रसेवक, नगरवासी दाजुभाई तथा दिदिबहिनीहरु तथा संघ-संस्था, राजनीतिक

दल, निजी तथा व्यवसायिक क्षेत्र, सञ्चार जगत् सबैलाई धन्यवाद दिन चाहन्छु ।

४. बजेट तर्जुमा गर्दा मूलतः आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम, नेपालको संविधान र कानूनहरु, संघ तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, नेपाल सरकारको पन्ध्रौं योजना, दीगो विकास लक्ष्य, कर्णाली प्रदेश सरकारको प्रथम पञ्चवर्षिय योजनाको आधारपत्र, स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधिमा उल्लेखित विषय क्षेत्र एवम् बजेट कार्यान्वयनको सन्दर्भमा संघीय सरकारबाट प्राप्त मार्गदर्शनलाई आधार बनाईएको छ ।

५. नीति तथा कार्यक्रममा उल्लेख भए अनुसार आर्थिक समृद्धि र विकासको दीर्घकालिन लक्ष्य प्राप्तिको लागि नगरपालिकामा सङ्गठित कृषक सहकार्य समूह मार्फत उत्पादन, रोजगारी र आयआर्जनमूलक आर्थिक गतिविधिसँग सम्बन्धित योजना तथा कार्यक्रम कार्यान्वयन गरी आत्मनिर्भरताको माध्यमबाट नगरपालिकामा रहेको गरिबी तथा बेरोजगारीको विद्यमान् अवस्था अन्त्य गर्न एवम् युवा लक्षित आयआर्जन कार्यक्रम सञ्चालन गरी युवा जनशक्तिलाई स्वरोजगार बनाउन र सामाजिक तथा सांस्कृतिक रुपान्तरणको लागि युवाशक्ति परिचालन गरी समतामूलक, न्यायपूर्ण, सभ्य र सुसंस्कृत समाज निर्माण गर्न बजेट केन्द्रित रहेको छ ।

६. बजेट तर्जुमाको सिलसिलामा पूर्वमन्त्री तथा प्रतिनिधिसभा सदस्य माननीय जनार्दन शर्मा लगायत रुकुम (पश्चिम) जिल्लाबाट संघ तथा प्रदेशमा प्रतिनिधित्व गर्नुहुने सम्पूर्ण माननीयज्यूहरु, संघ, प्रदेश, जिल्ला र नगरपालिकामा प्रतिनिधित्व गर्नुहुने विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, टोल तथा वस्तिस्तरिय योजना छनौटमा भाग लिने वडा समितिका पदाधिकारीहरु, आर्थिक विकास समिति, सामाजिक

विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, सार्वजनिक सेवा तथा क्षमता विकास समिति, राजश्व परामर्श समिति, स्रोत अनुमान तथा सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, लक्षित वर्गका प्रमुख तथा प्रतिनिधि लगायत विभिन्न संघ संस्था एवम् विद्वत वर्ग लगायतबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्राप्त सुझाव समेतलाई ध्यान दिएको छु ।

## अध्यक्ष महोदय,

७. **आर्थिक वर्ष २०७८।०७९ को बजेट प्रस्तुत गर्नु अघि आर्थिक वर्ष २०७७।०७८ मा प्रस्तुत बजेटको कार्यान्वयनको अवस्था संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु :—**

**(क)** कोरोना भाइस रोकथाम, नियन्त्रण र उपचारको लागि आइसोलेसन, पिसिआर परीक्षण प्रयोगशाला र अक्सिजन प्लान्ट स्थापना, सञ्चालन र व्यवस्थापन, अक्सिजन सिलिन्डर, अक्सिजन कन्सेन्ट्रेटर लगायतका स्वास्थ्य सामग्री तथा औषधी उपकरणको व्यवस्था, आइसोलेसनमा बसेका सङ्क्रमितहरुको निःशुल्क उपचार, निःशुल्क खाजा खाना खर्च, सुविधा सम्पन्न अस्पतालमा रिफर गर्नुपर्दा एवम् आइसोलेसनमा ल्याउँदा निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिएको छ । शंकास्पद व्यक्तिहरु एवम् कन्ट्रयाक ट्रेसिङमा परेकाको आरटि एन्टीजिन र आरटि पिसीआर विधिबाट स्वाब परीक्षण गर्ने व्यवस्था मिलाईएको छ । फलस्वरुप कोभिड-१९ को कारण हुने मानवीय क्षति अत्यन्त न्यून रहेको छ ।

**(ख)** स्वास्थ्य संस्थाहरुको सुदृढिकरण गरिएको छ । वडा नं. १४ मा रहेको नुवाकोट स्वास्थ्य चौकी बाहेक सबै आधारभूत स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र र शहीद स्मृति

अस्पतालको पक्की भवन संरचना निर्माण गरी स्वास्थ्य सेवा प्रवाह हुने व्यवस्था मिलाईएको छ । पन्ध्र शैयाको नगर अस्पताल निर्माणको लागि ठेक्का प्रक्रिया अगाडि बढाईएको छ भने पाँच शैयाको शहीद स्मृति नगर अस्पताल नगरपालिकाको पूर्ण लगानीमा सञ्चालन तथा व्यवस्थापन गरिएको छ ।

(ग) ब्लड बैंक स्थापनाको लागि संरचना निर्माण कार्य प्रारम्भ गरिएको छ ।

(घ) **टिनका छाना तथा कच्ची संरचनामुक्त पक्की भवन संरचनायुक्त विद्यालय निर्माण अभियान** अन्तर्गत हालसम्म ४२ वटाभन्दा बढि पक्की विद्यालय भवन संरचना निर्माण भएका छन् । विद्यालयहरुको भौतिक संरचना सुधारको कार्य तीब्र गतिमा अगाडि बढाईएको छ । संघ तथा प्रदेश सरकारको साझेदारीमा हिमालय माध्यमिक विद्यालय खोलागाउँ र शीतल माध्यमिक विद्यालय चौरजहारीलाई नमूना विद्यालय घोषणा गरी गुरुयोजना अनुसार आवश्यक भौतिक तथा शैक्षिक संरचना निर्माणको कार्यलाई अगाडि बढाईएको छ । आधारभूत तह कक्षा ५ सम्मका बालबालिकाहरुलाई निःशुल्क पोशाक तथा स्टेशनरी सामग्री वितरण, दिवा खाजाको व्यवस्था, महिनावारी उमेर समूहका किशोरी छात्राहरुलाई सेनिटरी प्याड वितरण, स्वीकृत सङ्गठन संरचना र दरवन्दी अनुसार शिक्षक कर्मचारीको व्यवस्था, नियमित अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण, कार्य सम्पादन करार सम्झौताको आधारमा प्रधानाध्यापकहरुको कार्य सम्पादन सूचकमा आधारित मूल्याङ्कन, दण्ड तथा पुरुस्कारको नीति लगायतका कार्यहरु गरी सामुदायिक विद्यालयहरुप्रति आम अभिभावक र बालबालिकाहरुको आकर्षण बढाई गुणस्तरिय, सर्वसुलभ र प्रविधिमैत्री शिक्षामा जोड दिईएको छ ।

(ङ) **एक घर एक धारा खानेपानी अभियान** अन्तर्गत अधिकांश वडाहरुमा खानेपानी सुविधा पुगेको छ ।

(च) जनयुद्ध तथा जनआन्दोलनका शहीदहरुको सम्मानमा शहीद स्मृति भवन निर्माण कार्य प्रारम्भ गरिएको छ ।

(छ) तीन वटा नगर बस सेवा र २४ सैं घण्टा एम्बुलेन्स सेवा सञ्चालन गरिएको छ ।

(ज) २७० किलोमिटरभन्दा बढि सडक निर्माण गरिएको छ । १४ वटै वडाहरु सडक सञ्जालमा जोडिएका छन् । मुख्य सडकहरुको स्तरोन्नति तथा कालोपत्रेको काम भईरहेको छ ।

(झ) औद्योगिक ग्रामको घोषणा भई औद्योगिक ग्राम निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन तयार भएको छ । औद्योगिक ग्राममा दाना, जुस, गार्मेन्ट, कापी, बीउ प्रशोधन केन्द्र, टिस्यु कल्चर लगायतका उद्योगहरुको लागि आवश्यक संरचना निर्माण र उपकरण खरिदको कार्य सम्पन्न भई विधिवत् रुपमा सञ्चालन तथा व्यवस्थापनको प्रक्रिया सुरु भएको छ ।

(ञ) पाँच हजारभन्दा बढि नगरबासीलाई संलग्न गराई एक हजार भन्दा बढि कृषक सहकार्य समूह गठन तथा दर्ता गरी आर्थिक गतिविधिमा परिचालन गरिएको छ । सहुलियत दरमा प्रतिसमूह दश लाख ऋण उपलब्ध गराउन राष्ट्रिय वाणिज्य बैंकसँग सम्झौता भएको छ ।

(ट) सुपथ मूल्यका पसल सञ्चालन गरी सहुलियत दरमा खाद्य सामग्री उपलब्ध गराई गरिब तथा विपन्न घरपरिवारलाई राहत प्रदान गरिएको छ ।

(ठ) मालिका पर्यटकीय पूर्वाधार विकासको लागि ठेक्का प्रक्रिया प्रारम्भ भएको छ । भेरी नदीमा राफ्टिङ सञ्चालनको लागि कार्य आरम्भ

छौरी नगरपालिका

गरिएको छ । अन्य पर्यटकीय क्षेत्रको पहिचान तथा सम्भाव्यता अध्ययनको कार्य जारी छ ।

(ड) अधिकांश वडामा केन्द्रीय विद्युत प्रसारण लाइन जडान भएको छ । बाँकी वडाहरुमा विद्युत सेवा विस्तार हुने क्रममा रहेको छ ।

(ढ) नगरपालिका र ८ वटा वडाका पक्की प्रशासनिक भवन संरचना निर्माण भईरहेका छन् । बाँकी वडाका प्रशासनिक भवनहरु निर्माणको लागि पहल भईरहेको छ ।

(ण) नगर प्रहरी गठन गरी परिचालन गरिएको छ । सामाजिक रुपान्तरण तथा सुधार लगायतको कार्यमा नगर प्रहरी क्रियाशील छ ।

(त) स्थानीय तहको अधिकार कार्यान्वयनको लागि आवश्यक ऐन, नियम, कार्यविधिहरु निर्माण गरी कार्यान्वयन गरिएको छ ।

(थ) बैंकिङ्ग प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण, अनलाइन मार्फत व्यक्तिगत घटना दर्ता, सूत्र (SuTRA) सफ्टवेयरको माध्यमबाट योजना तर्जुमा, खर्च लेखाङ्कन तथा प्रतिवेदन, स्थानीय तहको संस्थागत स्वमूल्याङ्कन (LISA) सफ्टवेयरको प्रयोग गरी नगरपालिकाको समग्र विषय क्षेत्रको सूचकको आधारमा मूल्याङ्कन, सामुदायिक विद्यालयका प्रधानाध्यापक, स्वास्थ्य संस्था प्रमुख, वडा सचिव, नगर प्रहरी प्रमुख, विषयगत शाखा प्रमुखसँग कार्यसम्पादन करार सम्झौता गरी सूचकको आधारमा मूल्याङ्कन गरी सिर्जनशिलतालाई प्रोत्साहन, उत्कृष्टतालाई पुरुस्कार र खराबलाई दण्ड गर्ने नीतिको व्यवहारिक कार्यान्वयन, सार्वजनिक सुनुवाई, डिजिटल नागरिक वडापत्र र डिजिटल नोटिस बोर्डको प्रयोग, चौमासिक रुपमा जानकारीमूलक पुस्तिका प्रकाशन गरी एवम् वेबसाइट मार्फत नगरपालिकाका समग्र गतिविधिहरुको सार्वजनिकीकरण, मासिक कर्मचारी, प्रधानाध्यापक र स्वास्थ्य संस्था प्रमुखहरुको समीक्षा र आगामी कार्यदिशासहितको

धौलागिरी नगरपालिका

बैठक आयोजना लगायतका थुप्रै प्रशासनिक कार्यहरु गरी सुशासनयुक्त प्रविधिमा आधारित चुस्तदुरुस्त सार्वजनिक सेवा प्रवाहमा जोड दिईएको छ ।

## अध्यक्ष महोदय,

८. **अब म यस नगरपालिकाको अर्थतन्त्रमा देखिएका मूलभूत चुनौतिहरु यस प्रकार उल्लेख गर्न चाहन्छु ।**

(क) कोभिड-१९ महामारीको कारण महत्वपूर्ण विकास निर्माणका आयोजनाहरु अलपत्र पर्ने अवस्था सिर्जना भएको छ । आर्थिक गतिविधिहरु सङ्कुचित भएको अवस्था छ । राजश्व संकलन अपेक्षित हुन सकेको छैन ।

(ख) सीमित बजेट तथा स्रोत साधनबाट असीमित माग र आवश्यकता पूर्ति गर्नुपर्ने बाध्यात्मक अवस्था छ । बजेट सीमितताको कारण जनताका अनगिन्ति आवश्यकता र आकांक्षा अपेक्षित ढङ्गले परिपूर्ति गर्न सकिएको छैन ।

(ग) समयमै आयोजना सम्पन्न गर्न एवम् आयोजनाहरुको गुणस्तरियता कायम गर्न चुनौतीपूर्ण छ ।

(घ) नगरपालिकाका सबै स्थानहरुमा सूचना सञ्चारको भरपर्दो व्यवस्था अझैं गर्न सकिएको छैन । बाह्रै महिना सवारी साधन चल्ने गरी सडक सञ्जाल विकास गर्न चुनौती देखिएको छ ।

(ङ) विनियोजनमा प्रभावकारिता ल्याई लक्ष्य बमोजिम कार्यसम्पादन तोकिएकै समयमा गर्नु चुनौतिपूर्ण छ ।

(च) उत्पादनका साधनहरुमाथि उत्पादक शक्तिको पहुँच वृद्धि गरी सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी सहकार्यबाट उत्पादकत्व र उत्पादन वृद्धि गर्नुपर्ने चुनौति छ । उचित बजार व्यवस्थापनका

चौदण्डीगढी नगरपालिका

माध्यमबाट उत्पादनको आन्तरिक तथा बाह्य बजार सुनिश्चित गर्नु पनि चुनौतिपूर्ण नै रहेको छ । उद्यम र उद्यमशीलता प्रवर्द्धन हुन नसक्नु, नगरपालिकाको पहिचान झल्कने एवम् आयातलाई प्रतिस्थापन गर्न सक्ने आफ्नै विशेषताको उत्पादन हालसम्म प्रवर्द्धन नहुनुजस्ता कारण हरेक हिसाबले परनिर्भरता बढ्दै जानु चुनौतीपूर्ण छ ।

(छ) निर्माण कार्यको सूक्ष्म सुपरिवेक्षण, निर्माण व्यवसायीहरुको कमजोर क्षमता र सघन अनुगमनको अभावमा निर्माण भएका संरचनाहरु छोटो समयमा नै जीर्ण र लथालिङ्ग हुने गरेका छन् । सार्वजनिक निर्माणको गुणस्तर कमजोर रहेको अवस्थामा यसमा सुधार गरी सार्वजनिक निर्माणको गुणस्तर वृद्धि गर्नुपर्ने, दोहोरो तेहेरो खर्च रोक्नुपर्ने कार्य चुनौतिपूर्ण छ । नगरपालिकाभित्र सञ्चालनमा रहेका आयोजनाहरुको प्रभावकारी अनुगमन, नियमन एवम् मूल्यांकन हुन नसक्दा निर्मित संरचनाको गुणस्तरियतामा प्रश्न चिन्ह खडा भएको छ । गुणस्तरहिन निर्माण कार्यले स्रोत साधनको दुरुपयोगलाई बढवा दिईरहेको सन्दर्भमा यसलाई रोकी निर्माण कार्यमा गुणस्तरियता सुनिश्चित गर्नु चुनौतिपूर्ण छ ।

(ज) कानूनको परिपालना, सेवा प्रवाहमा प्रभावकारिता, सुदृढ र सक्षम संस्थागत सुशासन कायम गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउने तथा व्यवसायिक कर्मचारीतन्त्र र सहयोगी समाजको निर्माण गर्ने कार्य चुनौतिपूर्ण छ ।

चौरजहारी नगरपालिका

## अध्यक्ष महोदय,

**९. आर्थिक वर्ष २०७८/०७९को बजेटका उद्देश्यहरु यसप्रकार छन् :-**

(क) कोभिड-१९ महामारीबाट नागरिकको जीवन रक्षा गर्ने,

(ख) आर्थिक गतिविधि एवम् विकास निर्माणका कार्यक्रमलाई तीब्रता दिई सुदृढ अर्थतन्त्र निर्माण गर्ने ।

(ग) आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास, सुशासन र सेवा प्रवाहका क्षेत्रहरुमा लगानी अभिवृद्धि गरी नगरपालिकाको समृद्धि र विकासको लक्ष्य पूरा गर्ने,

(घ) आर्थिक तथा सामाजिक असमानता र विभेदको अन्त्य, मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै गुणस्तरिय शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षामा आम नागरिकको सहज र सरल पहुँच स्थापित गरी समतामूलक एवम् न्यायपूर्ण समाजको निर्माण गर्ने,

(ङ) कृषिमा आधारित उद्योगहरु स्थापना गरी कृषिको व्यवसायिकरण, विविधिकरण र यान्त्रिकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने,

(च) रोजगारीका व्यापक अवसरहरु सिर्जना गर्ने गरी औद्योगिक विकास गर्ने एवम् सीपमूलक, व्यवसायिक तथा आयआर्जनमूलक तालिम तथा कार्यक्रम सञ्चालन गरी बेरोजगारमुक्त नगरपालिका घोषणाको आधारहरु तयार पार्ने,

(छ) भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी शासन व्यवस्था कायम गर्ने ।

## अध्यक्ष महोदय,

**१०. बजेटका उद्देश्यहरु हासिल गर्न देहाय बमोजिम प्राथमिकता निर्धारण गरेको छु :-**

(क) कोभिड-१९ को रोकथाम, नियन्त्रण, परीक्षण र उपचार ।

(ख) स्वास्थ्य संस्थाको सुदृढिकरण, सर्वसुलभ, विश्वसनिय, भरपर्दो र सुरक्षित आधारभूत स्वास्थ्य सेवा ।

(ग) गुणस्तरिय, जीवन उपयोगी र प्रविधिमैत्री आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य तथा सरसफाई, रोजगारीका अवसरहरुमा वृद्धि, मानव संसाधन विकास,

गौरीगंज नगरपालिका

(घ) उद्यम र उद्यमशिलताको विकास, कृषिको आधूनिकीकरण, व्यवसायिकरण र विविधिकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि,

(ङ) सडक, झोलुङ्गे पुल, मोटरेवल पुल, भवन तथा शहरी विकास, सिँचाई, संचार क्षेत्रको सुदृढिकरण र विकास,

(च) सार्वजनिक प्रशासन र सेवा प्रवाहमा सुधार,

(छ) विपद् जोखिम न्यूनिकरण, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद् तथा जलवायु उत्थानशील समुदायको निर्माण,

(ज) लैंगिक समानता तथा सामाजिक समावेशीकरण, लक्षित समूह विकास कार्यक्रम,

## अध्यक्ष महोदय,

**११. अब म आगामी आर्थिक वर्ष २०७८/०७९ को मुख्य-मुख्य बजेट, कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्दछु ।**

१२. कोभिड-१९ रोकथाम, नियन्त्रण, परीक्षण र उपचारको लागि आवश्यक पर्ने आइसोलेसन, अक्सिजन प्लान्ट, अक्सिजन सिलिन्डर, कन्सेन्ट्रेटर, परीक्षण किट्स, रिएजेन्ट, औषधी तथा स्वास्थ्य सुरक्षा सामग्रीहरुको खरिद, आपूर्ति र उपलब्धताको सुनिश्चितता, कोभिड-१९ का लक्षण भएका एवम् कन्ट्रयाक ट्रेसिङमा परेका व्यक्तिहरुको निःशुल्क परीक्षण, सङ्क्रमितहरुको निःशुल्क उपचार र पोषिलो आहार व्यवस्था, सुविधासम्पन्न अस्पतालहरुमा रिफर गर्नुपर्ने वा होम आइसोलेसनबाट संस्थागत आइसोलेसनमा ल्याउनुपर्ने अवस्थामा निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउन एवम् कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारमा संलग्न स्वास्थ्यकर्मी र राष्ट्रसेवक कर्मचारीलाई शतप्रतिशतसम्म जोखिम भत्ता र निःशुल्क उपचार

उपलब्ध गराउन एवम् विपद् तथा महामारी विरुद्ध युवाशक्ति परिचालन गर्न **रु १४ लाख** विनियोजन गरेको छु ।

१३. महामारी नियन्त्रणका लागि गरिएको निषेधाज्ञाबाट प्रभावित दैनिक ज्याला मजदूरी गरिखाने वर्गलाई नगरपालिकाबाट सञ्चालित सुपथ मूल्यका पसलबाट सहुलियत दरमा उपभोक्ता कार्डको आधारमा खाद्यान्न तथा राहत उपलब्ध गराउन **रु ५ लाख** विनियोजन गरेको छु ।

१४. स्वास्थ्य संस्थाहरुको लागि आवश्यक जनशक्ति, स्वास्थ्य उपकरण, औषधी, भौतिक संरचना लगायतको व्यवस्था गरी स्वास्थ्य संस्थाहरुको सुदृढिकरण गर्न **रु ५ करोड २ लाख ५० हजार** विनियोजन गरेको छु ।

१५. किशोरी, गर्भावस्था र सुत्केरी स्वास्थ्य सचेतना तथा बहुक्षेत्रीय पोषण सम्बन्धी कार्यक्रम सञ्चालन गरी मातृशिशु स्वास्थ्य एवम् आमा तथा बच्चाको पोषणको अवस्थामा सुधार ल्याउन **रु ५५ लाख १९ हजार** विनियोजन गरेको छु ।

१६. आयुर्वेद, प्राकृतिक तथा होमियोपेथी एवम् अन्य वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तार गर्न एवम् संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा नागरिक आरोग्य केन्द्रहरु स्थापना गरी सञ्चालनमा ल्याउन **रु ५ लाख** विनियोजन गरेको छु ।

१७. **टिनका छाना तथा कच्ची भवन संरचनामुक्त पक्की भौतिक संरचनायुक्त सामुदायिक विद्यालय** निर्माण अभियान अन्तर्गत माध्यमिक विद्यालय खहरे, सरस्वति माध्यमिक विद्यालय घरेलीचौर, हिमालय माध्यमिक विद्यालय खोलागाउँ, आधारभूत विद्यालय रातामाटा, आधारभूत विद्यालय बिचकटीया, जनकल्यान माध्यमिक विद्यालय सानाखोला, शीतल माध्यमिक विद्यालय चौरजहारी, आधारभूत विद्यालय मानाकोट,

चौरजहारी नगरपालिका

आधारभूत विद्यालय बिसाउनेचौर, माध्यमिक विद्यालय कोटजहारी, आधारभूत विद्यालय नाखिरा, शीतल क्याम्पस चौरजहारी र जहारी क्याम्पस खोलागाउँ लगायतका विद्यालयहरुको भौतिक संरचना निर्माण गर्न **रु ६ करोड ६४ लाख** विनियोजन गरेको छु । थप विद्यालयहरुको भौतिक संरचना निर्माण गर्न पहल गरिनेछ ।

१८. नगरपालिकाबाट थप एउटा विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गरी कमाउँदै पढ्दै कार्यक्रम लागू गरी श्रममा आधारित शिक्षा व्यवस्था कार्यान्वयन गर्न **रु १० लाख** विनियोजन गरेको छु ।

१९. निःशुल्क र अनिवार्य आधारभूत शिक्षाको मान्यतालाई कार्यान्वयन गर्न कक्षा पाँचसम्मका बालबालिकाहरुलाई निःशुल्क पोशाक र स्टेशनरी सामग्रीको व्यवस्था गर्न **रु ६० लाख** विनियोजन गरेको छु । निःशुल्क दिवा खाजा, महिनावारी उमेर समूहका किशोरीहरुलाई निःशुल्क सेनिटरी प्याडको व्यवस्था गर्न **रु १ करोड ५२ लाख ४२ हजार** विनियोजन गरेको छु ।

२०. सामुदायिक विद्यालयहरुको स्वीकृत सङ्गठन संरचना र दरवन्दी विवरण अनुसार शिक्षक कर्मचारीहरुको व्यवस्था गर्न **रु १४ करोड २ लाख ३५ हजार** विनियोजन गरेको छु । कम्तिमा कक्षा ८ सञ्चालन भएका विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना गरी कम्प्युटर शिक्षकको व्यवस्था मिलाई प्रविधिमा आधारित शिक्षा प्रणालीलाई प्रोत्साहन गर्न तथा सबै सामुदायिक विद्यालयहरुमा इन्टरनेट सेवा विस्तार गर्न **रु ४ लाख ५० हजार** विनियोजन गरेको छु ।

२१. आगामी आर्थिक वर्षमा माध्यमिक तहमा कार्यरत शिक्षकहरुमध्ये पहिलो चरणमा गणित र विज्ञान शिक्षकहरुले अनिवार्य रुपमा कम्तिमा

चौरजहारी नगरपालिका

आधारभूत तहको कम्प्युटर तालिम लिनुपर्ने व्यवस्था अनुसार आधारभूत कम्प्युटर तालिम लिएका आधारभूत तथा माध्यमिक तहका गणित र विज्ञान शिक्षकहरुलाई साझेदारीमा प्रति शिक्षक एक/एक वटा ल्यापटपको व्यवस्था गर्न **रु ४ लाख ५० हजार** विनियोजन गरेको छु ।

२२. शिक्षकहरुको पेशागत सीप र क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था गर्न एवम् प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, अभिभावक र नगरपालिकाबीच निरन्तर अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न **रु १० लाख** विनियोजन गरेको छु ।

२३. शैक्षिक क्यालेन्डर निर्माण गर्न एवम् विद्यालयमा साप्ताहिक रुपमा र पालिकास्तरिय शैक्षिक क्यालेन्डर अनुसार अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न **रु ४ लाख** विनियोजन गरेको छु ।

२४. गरिब तथा जेहेन्दार बालबालिकाहरुको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न छात्रवृत्ति तथा शैक्षिक ऋणको व्यवस्था गर्न **रु १० लाख** विनियोजन गरेको छु ।

२५. प्रभावित तथा हिंसापीडित महिलाहरुका लागि संरक्षण घर (सेफ हाउस) निर्माण गरी सञ्चालन गर्न **रु १५ लाख** विनियोजन गरेको छु ।

२६. महिला लक्षित आयआर्जन कार्यक्रम सञ्चालन गर्न, लैङ्गिक हिंसा तथा अन्य अपराधजन्य घटनाहरु निवारणको लागि सचेतनामूलक अभियान सञ्चालन गर्न, बहस, पैरवी एवम् कानूनी सचेतना अभिवृद्धि गर्न, लैङ्गिक हिंसा विरुद्धको सोह्र दिने अभियान, नारी दिवश, अपाङ्गता दिवश, जातीय भेदभाव तथा रङ्गभेद विरुद्धको अन्तर्राष्ट्रिय दिवश, बाल दिवश लगायतका दिवशीय कार्यक्रमहरु एवम् लैङ्गिक हिंसा निवारण

छोरेपाटन नगरपालिका

कोषमा वार्षिक रु १ लाख जम्मा गर्ने नीति अनुरुप **रु १९ लाख ८७ हजार** विनियोजन गरेको छु ।

२७. जोखिममा परेका, अशक्त असहाय बालबालिकाको उद्धार गरी संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा बालगृह निर्माण गर्न **रु १० लाख** विनियोजन गरेको छु ।

२८. दलित समुदायमा रहेका परम्परागत सीप तथा क्षमताको संरक्षण तथा प्रवर्द्धन गर्न एवम् दलित लक्षित आयआर्जन कार्यक्रमको लागि **रु १६ लाख ५० हजार** विनियोजन गरेको छु ।

२९. जनजाती लक्षित उद्योग व्यवसायको प्रवर्द्धनको लागि **रु १० लाख** विनियोजन गरेको छु ।

३०. अपाङ्गता भएका व्यक्तिहरुको सीप, क्षमता, माग र आवश्यकताको आधारमा व्यवसायिक एवम् आयआर्जनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्न तथा अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवन सहज रुपमा सञ्चालनको लागि अपाङ्गताको वर्गीकरण अनुसार आवश्यक न्यूनतम सामग्रीहरु र न्यानो कपडा उपलब्ध गराउन **रु ७ लाख** विनियोजन गरेको छु ।

३१. अपाङ्ग पुनर्स्थापना केन्द्र स्थापना गरी पूर्ण अशक्त अपाङ्ग, अति अशक्त अपाङ्ग लगायत विशेष संरक्षणको आवश्यकता रहेका अपाङ्गता भएका व्यक्तिहरुको उद्धार, राहत तथा पुनर्स्थापनाको कार्य गर्न **रु ५ लाख** विनियोजन गरेको छु ।

३२. जेष्ठ नागरिकलाई न्यानो कपडा व्यवस्था गरी सम्मान गर्न एवम् रामजानकी दिवाश्रमलाई थप व्यवस्थित गर्न **रु २५ लाख** विनियोजन गरेको छु ।

३३. नगर प्रमुख रोजगार कार्यक्रम मार्फत युवा जनशक्तिलाई विकास निर्माण तथा आयआर्जनमूलक कार्यहरुमा परिचालन गरी स्वरोजगार

छोरहरी नगरपालिका

बनाई गरिबी अन्त्य गर्न एवम् प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी गर्न **रु १ करोड ९०** लाख विनियोजन गरेको छु । युवा रोजगारीको लागि रुपान्तरण पहल परियोजना (युवा रुप) तर्फ **रु ३८ लाख** र कामका लागि पारिश्रमिक कार्यक्रमको लागि रु **१ करोड ४८ लाख ७४ हजार** विनियोजन गरेको छु ।

३४. खेल विधा अनुसार युवा खेलाडीहरुलाई समूहमा खेल सामग्री, ड्रेस तथा अन्य व्यवस्थापकीय कार्यमा सहयोग गरी युवा लक्षित नगरस्तरिय खेलकूद प्रतियोगिता आयोजना गर्न **रु १० लाख** विनियोजन गरेको छु ।

३५. नगर प्रमुख कप खेलकूद प्रतियोगितालाई थप व्यवस्थित गरी युवा खेलाडीहरुको प्रतिभा प्रस्फुटन गराउने अवसरको रुपमा उपयोग गर्न **रु ९ लाख** विनियोजन गरेको छु ।

३६. जनयुद्ध तथा जनआन्दोलनका घाइते तथा अपाङ्गहरुको पहिचान गरी मासिक रु एक हजार निर्वाह भत्ता, जनयुद्ध तथा जनआन्दोलनमा जीवन उत्सर्ग गर्ने महान् शहीदहरुका घरपरिवारलाई प्रति घरपरिवार सम्मान स्वरुप मासिक रु एक हजार उपलब्ध गराई घाइते, अपाङ्ग तथा शहीद परिवार लक्षित उद्योगमा शेयरको रुपमा लगानी गर्न एवम् जनयुद्ध तथा जनआन्दोलनका घाइते, अपाङ्ग, शहीद परिवारहरु लक्षित आयआर्जन कार्यक्रम सञ्चालन गर्न **रु १८ लाख** विनियोजन गरेको छु ।

३७. अशक्त, असहाय, दीर्घ रोगी एवम् विशेष संरक्षण र पालनपोषणको आवश्यकता पर्ने व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउन एवम् सो क्षेत्रमा क्रियाशील संघ संस्थाहरुलाई सहयोग गर्न **रु ३ लाख** विनियोजन गरेको छु ।

चौरजहारी नगरपालिका

३८. नगरपालिकामा परम्परादेखि अस्तित्वमा रहेका लोकसंस्कृतिको संरक्षण तथा जगेर्ना गर्न **रु १४ लाख** विनियोजन गरेको छु ।

३९. नगरपालिकामा रहेका महत्वपूर्ण मठमन्दिरहरुको संरक्षण, संवर्द्धन एवम् जिर्णोद्धार गर्न, संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा महत्वपूर्ण धार्मिक तथा ऐतिहासिक स्थलहरुको संरक्षण तथा प्रवर्द्धन गर्न, मालिका, लापुलेगाउँ देवालय, शिव गुफा, चमेरो गुफा लगायतका क्षेत्रलाई धार्मिक पर्यटनको रुपमा विकास गर्न एवम् आवश्यक पर्यटकीय पूर्वाधार निर्माण गर्न **रु १ करोड ९० लाख** विनियोजन गरेको छु ।

४०. नगरपालिकाको पहिचान झल्कने गीत, सङ्गित निर्माण गर्ने एवम् विद्यालयहरुमा नगरपालिकाको कार्ययोजना अनुसार सङ्गित विषय शिक्षण गर्ने गायक गायकीहरुलाई सम्मान तथा सहयोग गर्न **रु ३ लाख** विनियोजन गरेको छु ।

४१. संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा **एक घर एक धारा खानेपानी** आयोजना सम्पन्न हुन बाँकी वडाहरुमा निर्माण सम्पन्न गर्न **रु १ करोड ९० लाख** विनियोजन गरेको छु ।

४२. **रु ३६ करोड** लागत अनुमान रहेको वडा नं. ६, ७, ८ र ९ लक्षित भेरी-मालिका वृहत लिफ्ट खानेपानी आयोजना समयमै सम्पन्न गर्न संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनासँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।

४३. लिफ्ट खानेपानी आयोजना लगायत अन्य अन्य निर्मित संरचनाहरु प्राकृतिक प्रकोप वा यस्तै अन्य कारणले बिग्रे भत्केमा शीघ्र मर्मत संभार वा पुनर्निर्माण हुने गरी प्रत्येक आयोजनाबाट कूल विनियोजित बजेटको १ प्रतिशतले हुने रकम जम्मा गर्नुपर्ने बाध्यकारी व्यवस्था

छेडागाड नगरपालिका

गरी उक्त कोषमा नगरपालिकाबाट प्रत्येक वर्ष निश्चित रकम जम्मा हुने नीति अनुसार **रु १० लाख** विनियोजन गरेको छु ।

४४. पूर्ण सरसफाई उन्मूख नगरपालिका घोषणाको लागि वास (WASH) योजना निर्माण गर्न **रु ५ लाख** विनियोजन गरेको छु ।

४५. प्रत्येक वडामा सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना तथा सञ्चालनको लागि संघ तथा प्रदेश सरकारसँग साझेदारी गर्न **रु २१ लाख** विनियोजन गरेको छु ।

४६. गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमलाई थप व्यवस्थित गरी प्रभावकारी तुल्याउन **रु ३३ लाख** विनियोजन गरेको छु ।

४७. महिला उद्यमीहरुबाट उत्पादित वस्तुहरु सङ्कलन गरी बिक्री गर्न तथा उद्यमीहरुलाई आवश्यक पर्ने कच्चा पदार्थहरु, मेसिन औजारहरु आपूर्ति गर्न कोशेलीघर स्थापना गरी सञ्चालन गर्न **रु १० लाख** विनियोजन गरेको छु ।

४८. नगरपालिकामा संभावित खाद्यान्न उत्पादन, बीउ उत्पादन, मसला बाली, फलफूल, तरकारी, पशुपालन, मौरीपालन, मत्यपालन लगायतका व्यवसायलाई प्रवर्द्धन गर्न **रु ९९ लाख ६१ हजार** विनियोजन गरेको छु । भैसीपालन गरी दूध उत्पादन गर्ने किसानलाई प्रतिलिटर रु ५, फलफूल खेती गर्ने किसानलाई फलफूलका विरुवा हुर्काए वापत प्रति विरुवा मासिक रु ३, व्यवसायिक बाख्रापालक किसानलाई प्रति खसीबोका रु १००, व्यवसायिक रुपमा तरकारी खेती गर्ने किसानलाई तरकारी उत्पादन वापत प्रतिकेजी रु ५ अनुदान उपलब्ध गराउन **रु १४ लाख** विनियोजन गरेको छु ।

४९. आफ्नो सम्पूर्ण जीवनकाल कृषि व्यवसायमा व्यतित गर्ने किसानहरुलाई मध्यनजर गरी कृषक पेन्सन कार्यक्रम लागू गर्ने

चौरजहारी नगरपालिका

प्रयोजनार्थ कृषक पेन्सन कोष स्थापना गरी निश्चित रकम वार्षिक रुपमा उक्त कोषमा जम्मा हुने र उक्त रकम शेयरको रुपमा कृषिमा आधारित उद्योगमा लगानी गर्न **रु ५ लाख** विनियोजन गरेको छु ।

५०. कृषक सहकार्य समूहहरुलाई बैंकबाट सहज तरिकाले ऋण उपलब्ध गराउन एवम् आवश्यक अन्य परामर्श र प्राविधिक सहयोगको लागि प्रति पाँच सय समूह बराबर एक जना स्वयंसेवक परिचालन गर्न तथा कृषक सहकार्य समूहले लिएको कर्जाको ब्याज प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा नगरपालिकाले भुक्तानी गर्ने व्यवस्था मिलाउन **रु ६ लाख** विनियोजन गरेको छु ।

५१. संघ तथा प्रदेश सरकार जहारीखोला नमूना कृषि सहकारी संस्था लिमिटेडसँगको समन्वय, सहकार्य र साझेदारीमा चौरजहारी नगरपालिका वडा नं. ११ मा स्थापना हुने औद्योगिक ग्रामको संरचना निर्माण कार्यलाई तीब्रता दिन, औद्योगिक ग्राममा स्थापना हुने बीउ प्रशोधन उद्योग, दाना, कापी, जुस, गार्मेन्ट उद्योग र टिस्यू कल्चर पूर्ण रुपमा सञ्चालन हुने व्यवस्था मिलाउन एवम् युवा उद्यमीलाई शुन्य ब्याजदरमा ऋण उपलब्ध गराउन **रु ८० लाख** विनियोजन गरेको छु ।

५२. ट्र्याक खोलिएका सडकहरुको स्तरोन्नति गर्न, संघ तथा प्रदेश सरकारसँगको सहलगानी तथा सहकार्यमा चौरजहारी-नार्जि-चौफाबजार-नुवाकोटडाँडा सडक, चिप्लेटि-फारुलापोखरी-जोगिनेटा-नुवाकोटडाँडा सडक, चौरजहारी-मेलैनाउली-लहरेसिमल-खोलागाउँ-नेटा सडक, वडा कार्यालयका केन्द्र जोड्ने सडकहरुलाई बाह्रै महिना सुचारु गर्न आवश्यक मर्मत संभारको लागि **रु ४० लाख** विनियोजन गरेको छु ।

चौरजहारी नगरपालिका

५३. चैतेखोला-रावलडाँडा-नेप्टेकाँडा-जोगिनेटा सडक, पेदीखोला-पाथिहाल्ना-लामाडाँडा सडक, तिर्सेखोला-घर्तिकाँडा-ढोलढुङ्गा सडक, तिमिले-खलाटाकुरा-भुरुङ्गखोला सडक, खहरे-काफलडाँडा-खर्क सडक, घारीगाउँ-थापापाखा-कालीमाटी सडक, देवनवारा-माझमेला सडक, त्रिवेणी-खत्रीआला-विजयश्वरी सडक, स्वारा-पोखी-रातापोखरा सडक, तिमिले-नाख्ला, नाउली-डोब्के-गोइरी सडक, खुटिडाँडा-ठूलापोखा-मानाकोट सडक, तल्ना पोखा-धमधमे-चौख्या सडक, खत्रीगाउँ-डाँर्या अम्राई-वडा कार्यालय जोड्ने सडक लगायतका अन्य सडक निर्माण गर्न **रु १ करोड ८७ लाख** विनियोजन गरेको छु ।

५४. नगरपालिकाबाट सञ्चालित नगर बस सेवालाई थप विस्तारको लागि आधूनिक र सुविधा सम्पन्न कम्तिमा दुई वटा नगर बस खरिद गर्न एवम् नगरपालिकासँगको साझेदारीमा स्कूल बस खरिद गरी सञ्चालन गर्न इच्छुक नमूना विद्यालयलाई अनुदान उपलब्ध गराउन **रु ८० लाख** विनियोजन गरेको छु ।

५५. वडा नं. १० मटेला र वडा नं. जोड्ने झोलुङ्गे पुल, वडा नं. १४ साक्चाखोला झोलुङ्गे पुल, वडा नं. ६ र १२ जोड्ने सेतीगाडखोला झोलुङ्गे पुल लगायत कम्तिमा ४ वटा झोलुङ्गे पुल निर्माण गर्न **रु ३३ लाख** विनियोजन गरेको छु ।

५६. वायोग्याँस, विद्युतीय चूलो, सुधारिएको चूलो, सौर्य उर्जा लगायतका नवीकरणीय उर्जा प्रविधि जडान गर्न **रु १२ लाख** विनियोजन गरेको छु ।

५७. चिसापानी-किमेरेखोला सिँचाई, छहरेखोला मुहानदेखि घारीखोला खेतसम्म सिँचाई कूलो निर्माण लगायत अन्य सिँचाई आयोजना तथा सिँचाई पोखरी निर्माणको लागि **रु ५५ लाख** विनियोजन गरेको छु ।

१४ वटै वडाका थप सिँचाई योजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रमबाट कार्यान्वयन हुने व्यवस्था मिलाएको छु ।

५८. प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवम सूचनाको हक कार्यान्वयन गर्न, सञ्चार क्षेत्रको व्यवसायिक विकास तथा भौतिक पूर्वाधार निर्माण गर्न, नगरपालिकाभित्र सञ्चालित एफ.एम. रेडियो र पत्रिकाहरुलाई व्यवस्थित गर्न, एफ.एम. रेडियोको क्षमता विस्तार, सञ्चालन तथा व्यवस्थापन गर्न, नगर सेरोफेरो लगायत रेडियो कार्यक्रम सञ्चालन गर्न, पत्रकारहरुको पेशागत क्षमता अभिवृद्धि गर्ने पत्रकारिता सम्बन्धी तालिमको लागि सहयोग गर्न एवम् विद्युतिय एवं छापा माध्यमबाट सेवा प्रदान गर्ने स्थानीय संचार माध्यमलाई कार्य सम्पादनको आधारमा प्रोत्साहित गर्न **रु २५ लाख** विनियोजन गरेको छु ।

५९. नगरपालिकामा रहेका सबै प्रकृतिका व्यापार तथा व्यवसायहरुको नियमित अनुगमन गरी व्यापारिक विकृति र विसङ्गतिजन्य क्रियाकलापहरु निर्मूल पार्दै उपभोक्ता हक, अधिकार र स्वास्थ्यको संरक्षण एवम् संवर्द्धन गर्न एवम् नयाँ शहर आयोजनासँग साझेदारी गरी बजार क्षेत्रमा सिसिटिभि/क्यामेरा जडान गर्न **रु ४ लाख ९९ हजार** विनियोजन गरेको छु ।

६०. नगरपालिकाको स्थापना कालदेखि हालसम्म सम्पादित कार्यहरुको स्तरिय भिडियो डकुमेन्ट्री तयार पार्न **रु ७ लाख** विनियोजन गरेको छु ।

६१. प्रदेशस्तरिय प्रहरी तालिम केन्द्र, रङ्गशाला, खेलकूद ग्राम, नमूना विद्यालय एवम् नगरपालिकामा रहेका प्रहरी चौकीहरुलाई जग्गा व्यवस्थापन गरी भवन निर्माण गर्न **रु ४८ लाख** विनियोजन गरेको छु ।

घोराही नगरपालिका

६२. सुख्खा डाँडाकाँडा तथा नदी किनाराका फाँटहरुमा वृक्षारोपण गर्न, सचेतनामूलक कार्यक्रम सञ्चालन गरी सामुदायिक वन उपभोक्ता समितिहरुलाई वन तथा वन्यजन्तु संरक्षणमा जागरुक र क्रियाशील तुल्याउन एवम् वन नर्सरी स्थापना गर्न **रु १० लाख** विनियोजन गरेको छु ।

६३. नदी तथा खोलाको कटानबाट खेतीयोग्य भूमि, मानवबस्तीको सुरक्षा गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी व्यापक रुपमा तटवन्धन तथा खोला नदी नियन्त्रण कार्यक्रमलाई अगाडि बढाउन **रु ५ लाख** विनियोजन गरेको छु ।

६४. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी सोही अनुसार विपद् व्यवस्थापनका कार्यहरु अगाडि बढाउन, स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरी कार्यान्वयन गर्न एवम् विपद् जोखिम रोकथाम, तयारी, उद्दार, राहत तथा पुनर्स्थापनाको लागि कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउन **रु ५ लाख** विनियोजन गरेको छु ।

६५. संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा प्राकृतिक प्रकोपको कारण घरसंरचना पूर्ण रुपमा नष्ट भएका, जोखिमपूर्ण अवस्थामा रहेका वा आंशिक रुपमा क्षति भएका घरपरिवारको घर संरचना प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापनाको कार्य गर्न **रु ७ लाख ५० हजार** विनियोजन गरेको छु ।

६६. सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत खर तथा फुसका छाना भएका १४ वटै वडाका कम्तिमा २८ घरका खर तथा फुसका छाना टिन वा स्लेट ढुङ्गाले विस्थापित गरी सुरक्षित आवास निर्माण गर्न **रु २१ लाख** विनियोजन गरेको छु ।

चौरजहारी नगरपालिका

६७. नगरका रणनैतिक महत्वका आयोजनाहरुको पूर्व सम्भाव्यता अध्ययनसहित विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पारी संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा निर्माण कार्य अगाडि बढाउन **रु २८ लाख** विनियोजन गरेको छु ।

६८. विकास निर्माण कार्यमा गुणस्तर कायम गर्न दक्ष जनशक्ति, स्थानीय श्रमिकको सहभागिता तथा अनुगमन र मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाउन, वडास्तरिय एवम् नगरस्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिको दक्षता वृद्धिको लागि क्षमता अभिवृद्धि सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न एवम् फिल्डमा खटिने कर्मचारीहरुलाई फिल्ड प्रतिवेदन एवम् कार्य सम्पादन मूल्याङ्कनको आधारमा निश्चित मापदण्ड बनाई दोहोरो नपर्ने गरी सुरु तलब स्केलको चालिस प्रतिशतसम्म फिल्ड भत्ता उपलब्ध गराउन **रु १३ लाख** विनियोजन गरेको छु ।

६९. **सिर्जनशिलतालाई प्रोत्साहन, उत्कृष्टतालाई पुरुस्कार र खराबलाई दण्ड**को मान्यता अनुसार उत्कृष्ट कार्य सम्पादन गर्ने राष्ट्रसेवक शिक्षक, कर्मचारी तथा जनप्रतिनिधिहरुलाई पुरुस्कृत गर्न **रु २ लाख** विनियोजन गरेको छु ।

७०. नगरपालिका एवम् नगरपालिका अन्तर्गतका निकायहरुमा कार्यरत शिक्षक, कर्मचारीहरुको श्रम कानून बमोजिम न्यूनतम पारिश्रमिक **रु १५ हजार** कायम गरेको छु । बाल शिक्षिका र विद्यालय कर्मचारीहरुलाई नगरपालिकाबाट थप भएको रकम कार्य सम्पादनको आधारमा उपलब्ध गराउने व्यवस्था गरेको छु । प्रधानाध्यापकको मासिक भत्ता आधारभूत तह कक्षा १-५, आधारभूत तह कक्षा १-८ र माध्यमिक तह कक्षा १-१२ को क्रमशः **रु १ हजार, रु १ हजार ५ सय र रु २ हजार** कायम गरेको छु । राष्ट्रसेवक शिक्षक

चौरजहारी नगरपालिका

कर्मचारीहरुको मासिक तलब संघीय सरकारले वृद्धि गरे अनुसार नै **रु २ हजार** थप हुने व्यवस्था मिलाएको छु । राष्ट्रसेवक शिक्षक कर्मचारीहरुको मनोबल उच्च राख्न एवम् कार्य सम्पादनस्तर बढाउन रुजु हाजिरी विवरणको आधारमा दैनिक **रु २५ खाजा** खर्च उपलब्ध गराउन **रु १० लाख** विनियोजन गरेको छु ।

७१. मानव विकास तथा सामुदायिक सेवा चौरजहारी रुकुम (पश्चिम) ले पेश गरेको आर्थिक वर्ष २०७८/०७९ को **रु १९ करोड ५३ लाख ८४ हजार ५ सय २०** बराबरको बजेट तथा कार्यक्रम एवम् विद्यालय रुपान्तरण कार्यक्रमको लागि पेश गरेको **रु ४१ लाख ४१ हजार २ सय ४३** बराबरको बजेट तथा कार्यक्रम र रुकुमेली समाज विकास केन्द्रले सुआरा-दोस्रो कार्यक्रमको लागि पेश गरेको **रु ७ लाख ८६ हजार २ सय ९९** बराबरको बजेट तथा कार्यक्रम स्वीकृत गरेको छु । अन्य गैरसरकारी संघसंस्थाहरुले यस नगरपालिकामा कार्यक्षेत्र बनाई कुनै कार्यक्रम गर्न चाहेमा अनिवार्य नगर कार्यपालिकाबाट कार्यक्रम स्वीकृत गरेर मात्र कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

७२. नयाँ शहर आयोजनाबाट शहरी पूर्वाधार विकासको लागि **रु १८ करोड ६० लाख** बजेट विनियोजन गरिएको छ ।

७३. सेवा प्रवाहको लागि आवश्यक पर्ने न्यूनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गरेको छु । राजश्व संकलनमा आउने संकुचन र सार्वजनिक खर्चमा पर्ने थप चापलाई व्यवस्थापन गर्न आगामी वर्ष प्रशासनिक खर्चमा मितव्ययिता अपनाउने व्यवस्था मिलाएको छु । कार्यालय सञ्चालन, इन्धन, मर्मत, सहज अवस्था आएपछि हुने आन्तरिक तथा वैदेशिक भ्रमण, कम प्राथमिकताका

चौरजहारी नगरपालिका

गोष्ठी, सेमिनार, परामर्श, सहायता, भैपरी खर्च, फर्निचर, सवारी साधन खरिद तथा मर्मत खर्चमा उल्लेख्य बजेट कटौती गरेको छु । कोरोना रोगको रोकथामको सन्दर्भमा पहिलो पंक्तिमा रहेर काम गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतका राष्ट्रसेवक बाहेक अरुलाई प्रदान हुने प्रोत्साहन भत्ता, अतिरिक्त समय भत्ता, बैठक भत्ता, खाजा तथा खाना खर्च, जोखिम भत्ता लगायतका सबै प्रकारका अन्य भत्तामा उल्लेख्य कटौती गरेको छु । सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धमा संघ तथा प्रदेश सरकारबाट जारी कानूनी व्यवस्थाहरुको कडाईपूर्वक अनुसरण गर्ने व्यवस्था मिलाएको छु ।

७४. ठेक्का आह्वान गरी कार्यान्वयन गरिने आयोजनाहरु बाहेक उपभोक्ता समितिहरुबाट कार्यान्वयन गरिने आयोजनाहरुको हकमा कम्तिमा १० प्रतिशत लागत सहभागिता वा श्रमदान सुनिश्चित गर्नुपर्ने व्यवस्था मिलाएको छु । लागत सहभागिता वा जनसहभागिता नजुट्ने प्रकृतिका सबै आयोजनाहरु अनिवार्य ठेक्का प्रक्रियाबाट प्रतिस्पर्धा गराएर मात्र कार्यान्वयन गर्ने व्यवस्था मिलाईएको छ । ठेक्का प्रक्रियामा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको कार्यविधि अनुसार विद्युतीय खरिद प्रणाली अबलम्वन गरिनेछ । ठेक्का आह्वाना गर्दा संभव भएसम्म आयोजना कार्यान्वयन हुने स्थानका लाभग्राहीहरुले लाभ लिने र स्थानीय स्रोत, साधन, श्रम, सीप र प्रविधिको प्रयोग हुने व्यवस्था मिलाईनेछ ।

७५. चालू आर्थिक वर्षमा कोरोना रोगको महामारीको जोखिम कम गर्न घोषित निषेधाज्ञाको कारण निर्माण सामग्री खरिद, ढुवानी एवम् जनशक्ति व्यवस्थापनमा समस्या उत्पन्न भई सम्झौता बमोजिम कार्य सम्पन्न नहुने अवस्था देखिएका आयोजनाहरुमा विनियोजित रकम

चौरजहारी नगरपालिका

सशर्त अनुदान बाहेक आगामि आर्थिक वर्षमा सोही शिर्षकमा स्वतः कायम हुने व्यवस्था मिलाएको छु ।

## अध्यक्ष महोदय,

७६. **बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना देहाय बमोजिम रहेको छ ।**

७७. आगामी आर्थिक वर्षको लागि **रु ५८ करोड ६५ लाख ६९ हजार** विनियोजन गरेको छु । कूल विनियोजनमध्ये चालूतर्फ **रु ३८ करोड ४७ लाख ६९ हजार** अर्थात् **६५.६० प्रतिशत**, पूँजीगततर्फ **रु १८ करोड ९८ लाख** अर्थात् **३२.३६ प्रतिशत** र वित्तीय व्यवस्था तर्फ **रु १ करोड २० लाख** अर्थात् **२.०५ प्रतिशत** रहेको छ ।

७८. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरुमध्ये आन्तरिक राजश्वबाट **रु ३ करोड**, संघीय सरकार वित्तीय समानीकरण अनुदानबाट **रु १० करोड ७० लाख**, संघीय सरकार सशर्त अनुदानबाट **रु २४ करोड २९ लाख**, संघीय सरकार राजश्व बाँडफाँटबाट **रु ७ करोड ९७ लाख ४७ हजार**, संघीय सरकार समपूरक अनुदानबाट **रु २१ लाख**, संघीय सरकार विशेष अनुदानबाट **रु २ करोड ५० लाख**, प्रदेश सरकार वित्तिय समानीकरण अनुदानबाट **रु १ करोड १३ लाख २९ हजार**, प्रदेश राजश्व बाँडफाँटबाट **रु ५ लाख ६६ हजार**, प्रदेश सरकार सशर्त अनुदानबाट **रु २ करोड ८४ लाख २७ हजार**, प्रदेश सरकार समपूरक अनुदानबाट **रु २ करोड ५ लाख**, प्रदेश सरकार विशेष अनुदानबाट **रु ७० लाख**, आर्थिक वर्ष २०७७/०७८ मा खर्च नभई बचत हुन जाने रकम **रु २ करोड** र आन्तरिक ऋण तर्फबाट **रु १ करोड २० लाख** व्यहोर्ने प्रक्षेपण गरेको छु ।

## अध्यक्ष महोदय,

**७९. आर्थिक वर्ष २०७८/०७९ का लागि आन्तरिक राजश्व परिचालन नीतिका उद्देश्य निम्नानुसार रहेका छन् :-**

(क) वडा र नगरपालिका केन्द्र बीचमा सहयोग, सहकार्य र समन्वयको वातावरण निर्माण गर्दै सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटी अधिकतम राजश्व परिचालनमा जोड दिने र राजश्व चुहावट नियन्त्रण गर्ने,

(ख) करको संरचना र करका दरहरुमा समय सापेक्ष सुधार गरी कर प्रणालीलाई थप प्रगतिशील र समतामूलक बनाउने,

(ग) आन्तरिक राजश्व परिचालनमा दीगो वृद्धिदर हासिल गरी स्थानीय वित्त प्रणालीलाई सुदृढ तुल्याउने गरी राजश्व प्रणालीमा सुधार गर्ने,

(घ) आन्तरिक राजश्वका थप स्रोतहरु पहिचान गरी मौजुदा आन्तरिक करका दरहरुलाई लागत प्रभावी बनाउने,

(ङ) कर तिर्ने प्रवृत्तिको विकास गर्ने र गराउने ।

**८०. माथि उल्लेखित राजश्व परिचालन नीति सम्बन्धी उद्देश्य हासिल गर्नको लागि देहाय बमोजिमका नीति तथा कार्यक्रमहरु अबलम्बन गरिनेछ :-**

(क) करदातालाई बैंक मार्फत कर दाखिला गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

(ख) सार्वजनिक सेवा र राजश्वबीचमा तादाम्यता कायम गर्दै कर नतिर्ने व्यक्ति वा नागरिकलाई कर नतिरेसम्म सार्वजनिक सेवाबाट वञ्चित गराउने एवम् कुनै पनि उपभोक्ता समिति, समूह, सहकारीमा कामकाज गर्न वा सदस्य हुन अयोग्य हुने नीतिको अबलम्बन गरिनेछ ।

(ग) करदाताले तिरेको सबै करको जानकारी दिने गरी एकीकृत करदाता कार्ड बनाई लागू गरिनेछ । सोही कार्डको आधारमा सेवाप्रवाह र विकास निर्माणका कार्यमा संलग्न हुने व्यवस्था मिलाइनेछ ।

चौरजहारी नगरपालिका

(घ) करको दरभन्दा करको दायरा विस्तारलाई प्राथमिकता दिई कराधारलाई थप फराकिलो बनाउँदै लगिनेछ ।

(ङ) करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवं. सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रमहरुलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ । यस्तो शिक्षा, सूचना र सचेतना सम्बन्धी कार्यहरु आवश्यकता अनुसार निजी, गैरसरकारी, उपभोक्ता हितकारी एवम् पेशागत संघसंस्थाहरु समेतको सहभागिता र समन्वयमा सञ्चालन गरिनेछ ।

(च) विद्यालयहरुमा विभिन्न तहका पाठ्यक्रममा आवश्यकता अनुसार नेपालको कर प्रणाली तथा स्थानीय कर सम्बन्धी विषय समावेश गर्न आवश्यक समन्वय गरिनेछ ।

(छ) राजश्व संकलनको लागि आवश्यक जनशक्ति प्रक्षेपण गरी परिचालन गरिनेछ ।

(ज) कर संकलनमा जिम्मेवार पदाधिकारी एवम् कर्मचारीहरुलाई तालिमको व्यवस्था गरिनेछ ।

(झ) कर संकलनलाई व्यवस्थित बनाउन सुरुमा उत्प्रेरणात्मक उपायहरु अबलम्बन गरिनेछ । तर कर छलि गर्ने वा नतिर्ने प्रवृत्तिको लागि दण्डात्मक नीति अबलम्बन गरिनेछ ।

## अध्यक्ष महोदय,

८१. मुलुकभित्र र बाहिर रहनु भएका सबै नगरपालिकाबासी दिदी बहिनी तथा दाजुभाईलाई कोभिड-१९ को जोखिमबाट सुरक्षित रहँदै सबल, समृद्ध र न्यायपूर्ण नगरपालिका निर्माणमा योगदान गर्न आह्वान गर्दछु ।

धौरहरी नगरपालिका

८२. अन्त्यमा, नगरको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुऱ्याउने आम नागरिक, राष्ट्रसेवक शिक्षक, कर्मचारी, करदाता, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद !!

घोरजहरी नगरपालिका